# विषयसूची


१. प्रतिवेदन साराँश ....................................................................................१
२. पृष्ठभुमी....................................................................................................२
३. गाउँपालिकाको परिचय ..............................................................................३
४. श्रम तथा रोजगार शाखा.............................................................................४
क. प्रधानमन्त्री रोजगार कार्यक्रम ...................................................................५
- न्यूनतम रोजगारी........................................................................ ६-१०
- बेरोजगार व्यक्ती सूचिकरण...........................................................१०
- श्रमको सम्मान कार्यक्रम..................................................................११
- रोजगार रणनीति तर्जुमा...................................................................११
ख. श्रम स्विकृती..........................................................................................१२
ग. राहदानी विवरण.......................................................................................१३
घ. वैदेशिक रोजगारीमा जाने व्यक्तीहरुलाई परामर्श सेवा .......................................१३
ङ. सामाजिक सुरक्षा कोषमा आवद्ध..................................................................१३
च. कल्याणकारी कार्यमा सहजिकरण.............................................................१३-१५
छ. सीप परिक्षण......................................................................................१५-१६
ज. सीप विकास तालिम..................................................................................१६
झ. सुरक्षित आप्रवासन सामी कार्यक्रम (SAMI) .............................................१७-२०
अ. परिचय
आ. सम्पन्न भएका क्रियाकलापहरु
- प्रि-सर्वे
- समुह गठन
- पारिवारिक अभिमुखिकरण
- वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षा
- समुदायमा वित्तीय साक्षरता
- मनोसामाजिक परामर्श
ञ. लघु उद्यम विकास कार्यक्रम (MEDPA) ......................................................२१-२२
- व्यवसाय स्तरउन्नती तालिम तथा प्रविधि हस्तान्तरण
- पुनर्ताजगी तथ एडभान्स तालिम
ट. कार्यक्रमको सामाजिक तथा आर्थिक प्रभाव................................................२३-२४

# प्रतिवेदन साराँश

नेपालको सँविधान २०७२ को धारा ३३ ले रोजगारीको हकलाई मौलिक हकको रुपमा समावेश गरेको अवस्थामा सो मौलिक हकको कार्यान्वयन गर्न रोजगारीको हक सम्बन्धो ऐन २०७५ र रोजगारीको हक सम्बन्धी नियमावली २०७५ जारी भएको छ। उक्त ऐनले प्रत्येक स्थानीय तह मातहत रहने गरि रोजगार सेवा केन्द्रको स्थापना भई बेरोजगारहरुको पहिचान र सूचिकरण गर्ने कार्य हुदै आएको छ। रोजगार सेवा केन्द्रमा सूचिकृत भएका बेरोजगारहरुलाई एक आर्थिक वर्षमा न्यूनतम एक सय दिनको रोजगारिको प्रत्याभूती गरेको छ। यस बन्दिपुर गाउँपालिकामा २०७५ फाल्गुन २६ गते देखी औपचारिक रुपमा रोजगार सेवा केन्द्रको स्थापना भई सञ्चालनमा रहेको छ। रोजगारीको हक सम्बन्धी ऐन र नियमावलीमा भएको व्यवस्था अनुसार आ व २०८१।८२ का लागि सूचिकृत भएका बेरोजगार व्यक्तीहरुलाई न्युनतम रोजगारीमा समावेश गरिएको थियो।

यस बन्दिपुर गाउँपालिकामा कूल ३५४ जना बेरोजगार व्यक्तीहरु न्युनतम रोजगारिको लागि सूचिकृत भएका थिए। सुचिकृत भएका मध्येबाट बेरोजगार सूची निर्धारण तथा प्राथमिकीकरण मार्गदर्शन २०७६ बमोजिम प्राथमिकीकरणमा परेका ७६ जनालाई वडा न १,२,३,४,५र ६ का २९ वटा पुर्वधार निर्माण योजनमा सँलग्न गरि औषतमा ७१.७४ दिनको रोजगारी श्रृजना भएको छ। जसमा नेपाल सरकार मार्फत ५ वटा योजनाहरुमा ३९ जनालाई १२५८ दिनको रोजगारीमा सँलग्न भएका छन भने यूवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना मार्फत ४० जना र नेपाल सरकारबाट ३६ जना लाभान्वित भएका छन। यस कार्यक्रमबाट चौतारा निर्माण, गोरेटोबाटो ,सिढी निर्माण पोखरी निर्माण, पहिरो रोकथाम लगायतका योजनाहरु सम्पन्न भएको छ। प्रधानमन्त्री रोजगार कार्यक्रम यूवा रोजगारीका लागि रुपान्तरण पहल कार्यक्रम मार्फत एकल महिला दलित र आदिवासी जनजातीहरु लाभान्वित भएका छन।

वैदेशिक रोजगारीमा गएका घरपरिवारका सदस्यहरु लक्षित २१ हप्ते वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षा मार्फत ५ जना पुरुष र ५० जना महिला लाभान्वित भएका छन। त्यस्तै समुदायमा वित्तीय साक्षरता कार्यक्रम मार्फत १६८ जना महिला तथा ९७ जना पुरुष लाभान्वित भएका छन। विद्यालयमा एक दिने वित्तीय साक्षरता कार्यक्रम मार्फत ८८ जना छात्र र ९४ जना छात्राहरुले साक्षर भएका छन। वैदेशिक रोजगारीमा जान चाहने सँभावित व्यक्तीहरुका लागि सुरक्षित वैदेशिक रोजगार सम्बन्धी गहन अभिमुखिकरण कार्यक्रम मार्फत ३९४ जना महिला र ३७२ जना पुरुष लाभान्वित भएका छन।। वैदेशिक रोजगारीलाई सुरक्षित मर्यादित र व्यवस्थित बनाउन सूचना परामर्श सम्बन्धी कार्यहरु उक्त समूह मार्फत गरिएको छ। वैदेशिक रोजगारीको कारणले सामाजिक लागत त बढाएकै छ साथै विभिन्न किसिमका मनोसामाजिक समस्याहरु पनि बढाएको छ। मनोसामाजिक परामर्श सम्बन्धी ३० जनालाई परामर्श प्रदान गरिएको छ।

गरिबी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम अन्तरगत ८ दिनको आफ्नो ब्यबसाय सुधार तथा बिस्तार तालिम बन्दीपुर वडा न २ का ढाका समुह तथा वडा न ६ को दुना टपरी समुह कमलबारीका २५ जनालाई प्रदान गरिएको छ। त्यस्तै कमलबारी समुहलाई दुना तथा टपरी बनाउने डाई प्रविधि प्रदान गरिएको छ भने बन्दीपुर ढाका समूहलाई ७ दिनको ढाकाको टोपी बनाउने स्तरउन्नती तालिम प्रदान गरिएको छ।

श्रम तथा रोजगार शाखाबाट आव २०८१।८२ मा श्रम स्वीकृती सम्बन्धी ३ जना महिला र ११० पुरुष गरि ११३ जनालाई सहजिकरण गरिएको छ। प्रमुख गन्तव्य मूलुकमा क्रमश साउदी,कतार युएई रहेको छ। वैदेशिक रोजगार बोर्डको सहयोगमा वैदेशिक रोजगारीमा गएका घरपरिवारका सदस्यहरुलाई स्वास्थ्य उपचार सम्बन्धी ३१ वटा निवेदन दर्ता भएका छन ति मध्ये ११ जनाले रकम प्राप्त गरेका छन। वैदेशिक रोजगार सन्तती छात्रवृती कार्यक्रममा १४ जना छात्रछात्राको निवेदन सिफारिस गरि पठाईएको छ। जिल्ला प्रशासन कार्यालय तनहुबाट राहदानी लिनेको सँख्या ८०८ पुगेको छ भने वैदेशिक रोजगारीमा गन्तव्य मुलुकमा ज्यान गुमाउनेको सँख्या ३ जना रहेको छ।

शरण सिँह गुरुङ
रोजगार सँयोजक

# १. पृष्ठभूमी


नेपालको संविधानको धारा ३३ मा मौलिक हकको रुपमा प्रत्येक नेपाली नागरिकलाई रोजगारीको हक हुनेछ भने भएको व्यवस्थालाई कार्यान्वयन गर्न बनेको रोजगारीको हक सम्बन्धी ऐन, २०७५ बमोजिम प्रत्येक नेपाली नागरिकलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्नका लागी आन्तरिक रोजगारीका अवसरहरु सिर्जना गर्न नेपाल सरकारले प्रधानमन्त्री रोजगार कार्यक्रम ल्याएको हो । सरकारले आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रम र बजेट मार्फत सार्वजनिक विकास निर्माणका कार्यक्रहरुमा रोजगारीका अबसरमा सिर्जना गरी आगामी पाँच वर्ष भित्रमा कुनै पनि नेपाली नागरिक वाध्यताले वैदेशिक रोजगारीमा जानु पर्ने अबस्थाको अन्त्य गर्ने घोषण गरेको थियो। सो अनुसार वि.सं.२०७५ फाल्गुनन १ गते सम्मानीय प्रधानमन्त्री ज्यूले रोजगार कार्यक्रमको शुभारम्भ गर्नु भएको थियो।

नेपालको संविधानको धारा ३३ ले प्रत्येक नागरिकलाई रोजगारी छनौट गर्न पाउने हक, धारा ३४ ले प्रत्येक व्यक्तिलाई उचित श्रम अभ्यास गर्न पाउने हक तथा धारा ३४ ले सामाजिक सुरक्षाको हकलाई मौलिक हकको रुपमा सुनिश्चितता गरेको छ। त्यस्तै राज्यका निर्देशन सिद्वान्त तथा नीति अन्तर्गत धारा ५१ (राज्यका नीतिहरुको (झ) मा सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक आर्थिक शक्तिको रुपमा रहेको श्रमशक्तिलाई दक्ष दक्ष व्यवससायिक बनाउने र स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने, श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षा प्रत्याभूत गर्ने,श्रमिक र उद्दमी व्यवसायी बीच सुसम्बन्ध कायम गर्ने, बैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी, सिप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने संवैधानिक व्यवस्था रहेको छ। रोजगारीको हक सम्बन्धी ऐन २०७५मा बेरोजगार व्यक्तिलाई न्यूनतम एक सय दिनको रोजगारीको व्यवस्था गरिएको छ।

नेपालको संघीय संरचना तीन तहको रहेको छ। तीनै तहको सरकारहरुलाई श्रम तथा रोजगारी सम्बन्धि संवैधानिक अधिकार प्राप्त छ। तीनै तहका सरकार अन्तर्गतका निकायहरुबाट सार्वजनिक विकास निर्माण सम्बन्धी कार्यक्रम तथा आयोजनाहरु संचालन हुने गरेका छन्।यसरी विभिन्न तहका सरकार र निकायहरुबाट सञ्चालन हुने विकास निर्माण सम्बन्धी कार्यक्रम तथा आयोजनाहरु बिच समन्वय र सहकार्यको कमीले गर्दा रोजगारी सिर्जना प्राथमिकतामा नपरेको देखिन्छ।

रोजगारी सिर्जना गर्दा सार्वजनिक क्षेत्रका विकास निर्माण सम्बन्धि कार्यक्रम तथा आयोजनाहरुमा श्रमिकको माग हुने र माग बमोजिमका श्रमिकहरुको आपूर्ति रोजगार सेवा केन्द्र मार्फत हुने भई सबै तहमा श्रमको माग र अपूर्तिको औपचारिक संयन्त्रको समेत विकास हुनेछ। यस्तो संयन्त्रले स्थानीय स्तरमा निजी, सहकारी तथा गैर सरकारी क्षेत्रमा हुने श्रमिकको माग र आपूर्ति बीचमा सहजीकरण र संयोजनको भूमिका समेत निर्वाह गर्नेछ । प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत नीजी, सहकारी तथा गैर सरकारी क्षेत्रसंग समेत समन्वय र सहकार्य गरी तीन क्षेत्रहरुमा थप रोजगारीका अवसर सिर्जना गरिनेछ। श्रमिकमा हुने क्षमता तथा सीप अभावका कारणले बजारमा देखिएको श्रमिकको माग र आपूर्तिका बीच अन्तरलाई कम गर्न यस कार्यक्रम अन्तर्गत श्रमिकको क्षमता तथा सीप विकास तालिम कार्यक्रमहरु समेत संचालन गरिनेछ। बेरोजगार व्यक्तिहरुले आफूसंग भएको सोच, सीप अनुभवका आधारमा स्वारोजगार हुन चाहेमा आवश्यक पर्ने सीप तथा उद्दमशीलता अभिवृद्धि गर्न उद्दमशील अभिवृद्धि गर्न उद्दमशीलता तालिम प्रदान गर्ने र उद्दमको अवधारणाको मूल्यांकनका आधारमा सहुलियतपूर्ण ऋण सहायता उपलब्ध गराउने व्यवस्था समेत यस कार्यक्रम मार्फत गरिनेछ ।

## २. बन्दिपुर गाउँपालिकाको परिचय




बन्दिपुर गाउँपालिका, गण्डकी प्रदेश तनहुँ जिल्लामा पर्यटकीय महत्त्व बोकेर १०२ बर्ग कि.मि. क्षेत्रफलमा फैलिएको सानो तर विविधताले सजिएको सुन्दर गाउँपालिका हो। आ.व. २०७०/७१ (२०७१ बैशाख २५ गते) मा साविक धरमपानी र बन्दिपुर गाउँ विकास समितिहरुलाई समेटेर बन्दिपुर नगरपालिका घोषणा गरिएको थियो। वि.स. २०७३ सालमा नेपालको नयाँ प्रादेशिक संरचना कायम भएसंगै साविक बन्दिपुर नगरपालिका, घाँसीकुवाका गा.वि.सका १ र ९ वडाहरु र केशवटार गा.वि.सका १, ८ र ९ वडाहरुलाई समावेश गरि ६ वडाहरु सहितको बन्दिपुर गाउँपालिका घोषणा भएको हो। बन्दिपुर, तनहुँ जिल्लाको पुरानो सदरमुकाम हो। यो शहर मोटर यातायातको सुविधा नहुँदा पश्चिम पहाडका तनहुँ, कास्की, लम्जुङ्ग, गोर्खा र मनाङ्गको लागि दक्षिणबाट सामान ल्याउने मुख्य व्यापारिक नाकाको रुपमा विकास भएको थियो। यस ठाउँबाट बि.स. २०२५ सालमा सदरमुकाम दमौली सारिए पनि सांकृतिक सम्पदा र प्राकृतिक मनोरमताको प्रचारप्रसारसंगै बन्दिपुर व्यापारिक नाकाबाट पर्यटकीय स्थानको रुपमा विश्वभर नै प्रसिद्धि छ।

| |
|---|
| जम्मा जनसँख्या: १८५३२ |
| जम्मा घरधुरी :५२०८ |
| जनघनत्व :१८२ |
| जम्मा क्षेत्रफल१ :०१.५३ वर्ग कि.मी |
| श्रोत: राष्ट्रिय जनगणना (२०७८) |

## ३. श्रम तथा रोजगार शाखा

रोजगारीको हक सम्बन्धी ऐन २०७५ को दफा १० बमोजिम नागरिकलाई व्यावसायीक सीप विकास, रोजगार प्रबर्द्धन ,उत्पादनशिल रोजगार सृजना , आप्रवासन लगायतका श्रम तथा ,उद्यमशिलता प्रवर्द्धन रोजगार सम्बन्धी सेवा तथा सुविधा प्रदान गर्नका लागि बन्दिपुर गाउँपालिकामा रोजगार सेवा केन्द्र स्थापना भएको हो। रोजगार सम्बन्धी कार्यकहरु एकिकृत रुपमा सँचालन गर्न रोजगार सेवा केन्द्रलाई श्रम तथा रोजगार शाखाको रुपमा विकास गरिएको हो । रोजगार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट प्रदान गरिने सेवाहरु स्थानीय तहबाटै सहजिकरण गर्नका लागी यसको स्थापना भएको हो




## श्रम तथा रोजगार शाखाबाट प्रदान गरिने सेवाहरु

- बेरोजगार व्यक्तीको तथ्याङ्क संकलन तथा विश्लेषण
- रोजगार दाताको सीप तथा श्रमिकको अभिलेख राख्ने
- सीप तथा क्षमता विकास तालिम
- श्रमको सम्मान राष्ट्रको अभियान
- रोजगा संवाद मञ्चको संचालन
- वैदेशिक रोजगार सम्बन्धी सेवा
- पुन श्रम स्वीकृति सम्बधी सेवा
- वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने सेवाहरुमा सहजिकरण
- रोजगार परामर्श तथा रेफरल सेवा
- रोजगार विनिमय सेवा
- सामाजिक सुरक्षा कोषबाट प्रदान गरिने सेवाहरु
- बाल श्रम निवारण सम्बन्धी कार्यहरु
- सुरक्षित आप्रवासन सम्बन्धी सेवाहरु
- लघु उद्यम विकास कार्यक्रम

## ४. श्रम तथा रोजगार शाखाका कार्यहरु

### क. प्रधानमन्त्री रोजगार कार्यक्रम




नेपालको सँविधानको धारा ३३ मा प्रत्येक नागरिकलाई (१) रोजगारीको हक हुने उल्लेख भए बमोजिम रोजगारीको हकसम्बन्धी २०७५ र रोजगारीको हक सम्बन्धी नियमावली ,ऐन२०७५ जारी भई कार्यन्वयनमा रहेका छन्। ऐन र नियमावली प्रावधान अनुरुप रोजगारमूलक सेवा तथा सुविधाको विस्तार गर्न एवम् नागरिकलाई न्युनतम रोजगारीको प्रत्याभूति गर्दै सामाजिक सँरक्षण प्रदान गर्ने प्रमुख उद्देश्यका साथ आव २०७५।०७६ देखि प्रधानमन्त्री रोजगार . कार्यक्रम कार्यन्वयनमा ल्याइएको छ ।

रोजगारीको हक सम्बन्धी ऐन २०७५ ले प्रत्येक स्थानीय तहको मातहतमा रही बेरोजगार व्यक्तिहरुको सूचना संकलन, पहिचान र सूचीकरण, रोजगारीका अवसरहरुको पहिचान र सूचना प्रवाह, रोजगारदाताको लागी श्रमिक उपलब्धताको जानकारी तथा रोजगार सम्बन्धी अन्य सेवा प्रदान गर्ने गरी रोजगार सेवा केन्द्रको स्थापना हुने व्यवस्था अनुसार बन्दिपुर गाउँपालिकामा विधिवत रुपमा मिति २०७५ फाल्गुन २६ गते रोजगार सेवा केन्द्रको स्थापना भई प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा आएको हो। प्रधानमन्त्री रोजगार कार्यक्रममा आबद्व हुन हरेक वर्षको फाल्गुन महिनामा सूचीकृत हुन निवेदन दिनु पर्ने प्रावधान छ।

रोजगारीको हक सम्वन्धी ऐन, २०७५ ले रोजगार सेवा केन्द्रमा सूचीकृत भएको वेरोजगार व्यक्तिहरुलाई एक आर्थिक वर्षमा न्यूनतम एक सय दिनको रोजगारीको प्रत्याभूति गरिने व्यबस्था गरेको छ। यसरी सूचिकृत भएका बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारी सुनिश्चित गर्न व्यवसायिक कृषि, सिंचाई, खानेपानी, सरसफाई, नदि नियन्त्रण, वन पर्यटन, यातायात, पूर्वाधार लगयतका अन्य सार्वजनिक निर्माण कार्यमा रोजगारी प्रदान गरिने छ।प्रधानमन्त्री रोजगारी कार्यक्रमले यी कामहरुको अलावा बेरोजगार व्यक्तिहरुको लागी रोजगार सेवा तथा सहायता,बेरोजगार व्यक्तिहरुको क्षमता अभिवृद्धि तथा स्वरोजगारी सिर्जनामा नीजि क्षेत्रहरुसँग सहकार्य र समन्वय समेत गरिनेछ।

### कार्यक्रमको दीर्घकालिन सोच

ज्ञान सिप र क्षमतायुक्त प्रतिस्पर्धी श्रमशक्तीको विकास र उत्पादनशिल आन्तरिक रोजगारी श्रृजना मार्फत श्रमशक्तीको स्वदेशमै पूर्ण उपयोग गरि आर्थिक समृद्धि हासिल गर्न **सबैका लागि रोजगारीको प्रत्याभूती मार्फत नागरिकको जीवनस्तरमा सुधार ल्याउनु** यस कार्यक्रमको दिर्घकालीन सोच रहेको छ ।

### कार्यक्रमको लक्ष्य

प्रधानमन्त्री रोजगार कार्यक्रमले स्वदेशमानै रोजगारीका अवसरहरु श्रृजना गरि आगामी ५ वर्ष भित्र वैदेशिक रोजगारिमा जाने वाध्यात्मक अवस्थाको अन्त्य गर्नका लागि **"आन्तरिक रोजगारीका अवसरमा वृद्धि र सामाजिक सँरक्षणको प्रवर्द्धन"** लक्ष्य निर्धारण गरेको छ ।

### कार्यक्रमको उद्धेश्य

प्रधानमन्त्री रोजगार कार्यक्रमले माथि उल्लेखित सोच र लक्ष्य हासिल गर्न देहाय अनुसारका उद्धेश्यहरु रहेका छन।

- बेरोजगार व्यक्तीलाई न्यूनतम रोजगारीको प्रत्याभूती गर्न आवश्यक रोजगार सेवा र सहायता प्रदान गर्ने
- दक्ष तथा सक्षम जनशक्तीको विकास गरि आन्तरिक रोजगारीको प्रवर्द्धन र विस्तार गर्ने
- सरकारी नीजि सहकारी तथा गैरसरकारी क्षेत्रहरुबिचको समन्वय र सहकार्यमा थप रोजगारीका अवसर सिर्जना गर्ने

❖ आन्तरिक रोजगारी सिर्जनाको लागि आवश्यक नीतिगत र सँरचनागत व्यवस्था गर्ने

❖ सार्वजनिक पुर्वधारहरुको निर्माण स्तरउन्नती र विस्तारमा योगदान गर्ने

❖ आन्तरिक रोजगारी सिर्जना सम्बन्धी अध्ययन अनुसन्धान गरि रोजगारीका नया क्षेत्रहरुको पहिचान गर्ने

## प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत सम्पादन भएका कार्यहरुको विवरण

### अ. न्यूनतम रोजगारी

रोजगारीको हक सम्बन्धी नियमावली २०७५, को नियम ७ बमोजिम कुनै व्यक्ती एक आर्थिक वर्ष सम्म न्यूनतम १०० दिन रोजगारीमा सँलग्न नभएको, स्वरोजगारमा सँलग्न व्यक्तीको हकमा एक आर्थिक वर्षमा न्यूनतम एकसय दिन रोजगारी बापत प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक बराबरको आय भन्दा कम भएको व्यक्तीलाई बेरोजगार भनि परिभाषित गरेको छ।

नियमावलीको यहि व्यवस्था भित्र रहेर फागुन मसान्त सम्म आवेदन पेश गरि रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ठ भएका व्यक्तीहरुलाई स्थानिय स्तरमा हुने विकास निर्माण कार्यमा सहभागी गराई काम गरेवापतको ज्याला प्रदान गर्ने कार्यक्रम हो।


आ.व. २०८१/०८२ मा रोजगार सेवा केन्द्र बन्दीपुरबाट ७६ जना सूचीकृत बेरोजगार व्यक्तिहरुलाई कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन तथा व्यवस्थापन २०७७, बमोजिम सञ्चालन भएका योजनाहरुमा संलग्न गराई लाभान्वित हुन सहजिकरण गरेको थियो। जसमध्ये आइडिए (विश्वबैंक) मार्फत ४० जना र नेपाल सरकार रोजगारी सृजना मार्फत ३६ जनाले लाभ लिन सफल भए। कूल ५४६० दिनको रोजगारी सृजना हुँदा प्रतिव्यक्ति ७१.८४ दिनको औसत रोजगारी प्राप्त भएको प्रस्ट हुन्छ।

| क्र.सं. | योजना | संख्या | वडा | भौतिक प्रगती |
|---|---|---|---|---|
| १ | गोरेटो ढलान | २ | ६,२ | २५१ मिटर |
| २ | सिढी मर्मत | ६ | १,२,३,४,६ | ५४६ मिटर |
| ३ | पक्की नाला निर्माण | २ | २,४ | १०२ मि. |
| ४ | ढुंगा छपनी | ५ | १,२,४ | ५३० वर्ग मि. |
| ५ | सडक ढलान | ६ | ४ | २३० घ. मि |
| ६ | पर्खाल निर्माण | ५ | १,२,३,४,६ | ११७ घ.मि |
| ७ | चौतारा | २ | १,५ | ११५ व.मि |
| ८ | पोखरी | १ | १ | ४ व. मि |



### ❖ गोरेटो ढलानः

बस्ती बीच, समथल भूभागमा मानिसको आवतजावतका लागि गोरेटो बाटो ढलान निकै महत्वपूर्ण हुन्छ। समथल भूभागमा पानी जम्ने समस्या, साथै हिलो, चिप्लो गोरेटो बाटो ढलानले मानिसको आवतजावतमा अत्यन्तै सहज बनाईदिन्छ।वागे गाउँ जाने सिढी बाटो ढलान र खहरे बाटो ढलान गरि कूल २ गोरेटो बाटो ढलानबाट २५१ मि. लामो बाटो ढलान भएको छ भने दुई गाउँका करिब ७६ घरधुरी लाभान्वित बनेका छन्। साथै, ३३८ दिनको रोजगारीको सृजना भएको छ भने १४ जना श्रमिकले औसतमा २४.१४ दिनको रोजगारीको प्रत्याभूति गरेका छन्।





### ❖ सिढी बाटो मर्मतः

पूर्वाधार विकास निर्माणले ठुलो फड्को मार्दै गर्दा सडक बाटोहरु यत्रतत्र प्रचूर मात्रामा निर्माण भईरहेको बेलामा पनि पैदल यात्रीलाई एक ठाउँबाट अर्को ठाउँ जान, गाउँबेशी खेतबारी मेलापात, घासदाउँरा गर्नका लागि पुराना साथै नवनिर्मित सिढी बाटोहरु नै प्रभावकारी हुन्छन्। पुराना सिढी बाटोको पुनः निर्माणले सामाजिक पूर्वाधारको जगेर्णा साथै पुनर्जीवन प्रदान समेत गर्दछ। कूल ६ वटा योजनाहरुबाट ५४६ मि. लामो सिढी बाटो निर्माण साथै मर्मत भएको देखिन्छ।





### ❖ पक्की नाला निर्माणः

बस्तीबाट वर्षाको पानी अन्यत्र कटाउन होस् या घरहरुबाट निस्कने फोहोर तथा दूषित पानीलाई दुर्गन्धित हुनबाट जोगाउन ढल निकासाका लागि बस्तीभित्र पक्की नाला निर्माणको आवश्यकता अधिक रहन्छ। २ बटा योजनाबाट जम्मा १०२ मि. लामो पक्की नाला निर्माण हुँदा बस्तीका १०० घरधुरी मात्र नभई समस्त प्राणीजगत लाभ भएको किटान गर्न सकिन्छ।




## ❖ ढुंगा छपनी

बन्दीपुर पर्यटकीय नगरी साथै विभिन्न खनिज भुगर्भमा बोकेर बसेको ठाउँ हो। बन्दीपुरमा फलाम, स्लेट, चुन, तामा खानीहरु प्रशस्त रहेका छन्। बन्दीपुर सौन्दर्यिकरण आयोजनाको एक प्रमुख कार्य यहाँ उपलब्ध स्लेट (छपनी ढुंगा) छाप्नु हो। खड्गमाई मन्दीर आसपास, गुरुङटार चौतारा र पक्की नालामाथि देप्चे गाउँमा गरि ५ वटा योजनामा जम्मा ५३० वर्ग मि. छपनी छाप्ने कार्य सम्पन्न भएको छ, जसले सामाजिक पूर्वाधारलाई सुगन्ध थप्ने काम गरेको छ।





## ❖ सडक ढलान

ग्रामीण क्षेत्र तथा भौगोलिक कठिनाईका सडकमा  कालोपत्रे सडक भन्दा सडक ढलान प्राविधिक हिसाबले पक्की मानिन्छ। आ.व. २०८१/०८२ मा श्रम तथा रोजगार शाखा र उपभोक्ता समितिको सहकार्यमा ४ वटा सडक ढलान कार्य निर्माण सम्पन्न हुँदा २३० घ. मि. बराबरको काम भएको छ।









## ❖ पर्खाल

भुक्षय नियन्त्रण साथै मार्ग फराकिलो पार्नका लागि निर्माण गरिएको पर्खाल ५ वटा रहेका छन्। योजनाको एक अंशको रुप र अपरिहार्य खण्ड मानिने पर्खाल निर्माण गर्दा ११७ घ.मि. बराबरको कार्य भएको छ।






## ❖ चौतारा

चौतारा सामाजिक तथा ऐतिहासिक महत्व बोकेको धरोहर हो। पौराणिक कालदेखि आवतजावत गर्दा थकान मार्नका लागि, साथै पहिलेका पञ्चायत, बैठक, भेला, समारोह हुने ठाउँ भएकाले चौताराको जगेर्णा र पुनः निर्माण अति महत्वपूर्ण छ। वर्तमान समयमा सडक चौडा गर्दा, मानिसहरु गोरेटो गल्लीको बाटो कम प्रयोग गर्दा चौतारा तथा पाटी पौवाको मासिने र तिनको महत्व ओझेलमा पर्न सक्ने हुँदा यसको संरक्षण अपरिहार्य छ । कूल ११५ वर्गमिटर क्षेत्रफलको गरि २ वटा चौतारा निर्माण भएका छन्।




बन्दीपुर-५ झारगाउँ स्थित चौतारा निर्माण अघि र पछि

## ❖ पोखरी

पोखरी परापूर्वकालदेखि पानी पुनर्भरण (Water Recharge) को लागि महत्वपूर्ण मानिन्छ। पानीको मूलको अस्तित्व रहिरहनका लागि वरिपरि पोखरी हुनु अत्यावश्यक छ, त्यसैले बन्दीपुर- १, देउरालीमा पुरानो पोखरी पुनःनिर्माण गरिएको छ।






## आ. बेरोजगार व्यक्ति सूचीकरण



रोजगारीको हक सम्बन्धो ऐन २०७५ र रोजगारीको हक सम्बन्धी नियमावली २०७५ जारी भएको छ । उक्त ऐनले प्रत्येक स्थानीय तह मातहत रहने गरि रोजगार सेवा केन्द्रको स्थापना भई बेरोजगारहरुको पहिचान र सूचिकरण गर्ने कार्य हुदै आएको छ । रोजगार सेवा केन्द्रमा सूचिकृत भएका बेरोजगारहरुलाई एक आर्थिक वर्षमा न्यूनतम एक सय दिनको रोजगारिको प्रत्याभूती गरेको छ । प्रत्येक आर्थिक वर्षको फाल्गुन मसान्त भित्र आफु बसोबास गर्ने स्थाई ठेगाना भएको वडा कार्यालयमा गएरर सूचिकृत हुनका लागि आवेदन पेश गर्नुपर्दछ । निवेदन माथी छानबीन गरि वडा मार्फत प्राप्त भएका बेरोजगारहरुको सूचि कार्यपालिकाबाट प्रमाणिकरण गरि रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गरि प्राथमिकिकरणमा परेका लाभग्राहीहरुलाई क्रमश योजना खटाईन्छ ।

आ.व. २०८१।०८२ का लागी पारिश्रमिकमा आधारित परियोजनाहरुमा काम गर्नका लागी बन्दिपुर गाउँपालिकाका ६ वटै वडामा बेरोजगार व्यक्तिको तथ्यांक संकलन गर्दा २०७ जना बेरोजगार व्यक्तिको विवरण संकलन भएको छ। संकलित बेरोजगार व्यक्तिको तथ्यांक तल तालिकामा प्रस्तुत गरिएको छ।

| वडा नं | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| १ | ८ | १३ | २१ |
| २ | ३८ | ८ | ४६ |
| ३ | २८ | ९ | ३७ |
| ४ | १२ | १ | १३ |
| ५ | १७ | ६ | २३ |
| ६ | ३० | ३७ | ६७ |
| | १३३ | ७४ | २०७ |



## इ. श्रमको सम्मान कार्यक्रम



मुलुकको आन्तरिक रोजगारी प्रवर्द्धन गर्नको लागि श्रम तथा रोजगारीका क्षेत्रमा न्यूनतम मानवीय मर्यादा राख्ने, श्रम बजारको माग बमोजिमको सीप तथा क्षमता विकास गर्ने, उपलब्ध रोजगारीका अवसरमा साथै जाती तथा वर्णलाई समावेश गर्ने काम तथा श्रमिकको सम्मान हुने वातावरण संचालनका लागि बन्दिपुर गाउपालिकामा एक दिने कार्यक्रम सँचालन गरिएको छ। बन्दीपुर गाउँपालिकाले दुर्गम क्षेत्रमा रहेका अति विपन्न सिमान्तकृत महिला दलित लगायत दिनभरि श्रम गरेर बिहान बेलुकाको छाक टार्ने वर्गलाई लक्षित गरि प्रधानमन्त्री रोजगार कार्यक्रममा सहभागीता बढाउन तथा समाजमा रहेका सबै किसिमका श्रमसँग सम्बन्धित विभेदहरु हटाउन अभियान सँचालन गरिएको हो।

## ई. बन्दीपुर गाउँपालिकाको रोजगार रणनिति निर्माण



रोजगारिको हकको प्रभावकारी कार्यान्वयन गर्न, स्थानीय तहमा उपलब्ध हुने रोजगारका अवसरहरुको पहिचान गर्न, रोजगारदाताहरुको अभिलेख राख्न, श्रमिक तथा सीपको अभिलेख राख्न तथा स्वरोजगारको सँभाव्यताको पहिचान गर्न रोजगार रणनीतिको तयार गरिएको छ । बन्दीपुर गाउँपालिकाको रोजगार रणनीति तयार गर्न प्राविधिक सहयोग गैरसरकारी समन्वय सँस्थाले गरेको थियो।

## ख. वैदेशीक रोजगारीमा जानका लागि श्रम स्वीकृति:


बन्दीपुर गाउँपालिका श्रम तथा रोजगार शाखाबाट आ.व. २०८१/०८२ मा कूल ११३ वटा श्रम स्वीकृति सहजिकरण गरिएको छ। २०८१ श्रावण सुरु देखि २०८२ आषाढ मसान्तसम्म आईपुग्दा जम्मा १३ वटा फरक देशका वैदेशीक रोजगारीमा जाने व्यक्तिहरुले सेवा प्राप्त गरि लाभान्वित बनेका छन्। कूल ११३ मध्ये सबैभन्दा बढी साउदी अरेबिया जाने व्यक्तिहरु रहेको तथ्याङ्कले देखाएको छ जुन २८ छ भने क्रमशः कतार, युएई, कुवेत, मलेशिया रहेका छन्। वैदेशीक रोजगारीमा जानु पूर्व सीपमूलक तालिम प्राप्त गरि जाने दक्ष कामदरहरु ८० प्रतिशतको हारहारिमा रहेका छन् भने बाँकी सामान्य सहयोगी कामदारहरु रहेका छन्।


| क्रसं. | गन्तव्य देशको नाम | कूल संख्या | महिला | पुरुष | दक्ष | अदक्ष |
|---|---|---|---|---|---|---|
| १ | साउदी | २८ | ० | २८ | २३ | ५ |
| २ | कतार | २० | १ | १९ | १६ | ४ |
| ३ | युएई | २२ | २ | २० | १६ | ६ |
| ४ | कुवेत | १५ | ० | १५ | १० | ५ |
| ५ | मलेशिया | १५ | ० | १५ | १३ | २ |
| ६ | क्रोएशिया | १ | ० | १ | १ | ० |
| ७ | माल्दिभ्स | ३ | ० | ३ | ३ | ० |
| 8 | माल्टा | १ | ० | १ | १ | ० |
| ९ | बहराईन | १ | ० | १ | १ | ० |
| १० | ओमन | २ | ० | २ | २ | ० |
| ११ | रोमानिया | ३ | ० | ३ | ३ | ० |
| १२ | हंगेरी | १ | ० | १ | १ | ० |
| १३ | ब्रुनाई | १ | ० | १ | १ | ० |
| जम्मा | | ११३ | ३ | ११० | ९१ | २२ |

बन्दीपुर गाउँपालिकाको कार्यालयबाट सहजिकरण गरिएको कूल श्रम स्वीकृतिमध्ये, नयाँ श्रम स्वीकृति लिनेको संख्या ४ रहेको छ भने १०९ जनाले पुनः श्रम स्वीकृति लिएका छन्। जसमा महिला कामदारको संख्या ३ जना रहेको छ, जसमध्ये युएई २ र कतारमा १ जना रहेका छन्। बन्दीपुर गाउँपालिकाद्वारा आ.व. २०८१/०८२ मा प्रदान गरिएको श्रम स्वीकृतिको विवरण तलको तालिकाबाट प्रस्ट हुन सकिन्छ।

माथिको तथ्याङ्क अनुसार नेपाली कामदारहरु अवसरको खोजीमा खाडी मुलुकमा सबैभन्दा बढी जाने गरेको देखियो। युरोप लगायत अन्य विकसीत देशहरुमा जाने कामदारहरुको संख्या कम रहेको पाईएको छ, जसको प्रमुख कारण खाडी मुलुक जान कम लगानी लाग्ने, न्यूनतम सीपले पनि काम पाईने, जाने प्रकृया सहज भएर रहेको छ भने विगतका वर्षहरु हेरि विकसीत देशहरुमा जाने संख्यामा उल्लेखनीय वृद्धि पनि भएको छ, जसले देशमा गुणस्तरीय जनशक्ति उत्पादन भईरहेको साथै विदेशीने क्रममा व्यक्तिहरुले धेरै सोधखोज गरि आफ्नो गन्तव्य रोज्ने गरेको बुझ्न सकिन्छ। यसरी वैदेशीक रोजगारीमा जाने दक्ष व्यक्तिहरुको प्रमुख पेशा वारिष्टा, शेफ, सेक्युरिटी गार्ड, ड्राईभर, कम्पनी सुपरभाईजर र कार्पेण्टर रहेको छ। महिला कामदारको हकमा युएई र कतारमा सेल्स र वेट्रेस्स रहेको पाईएको छ।

वैदेशिक रोजगारीमा जाने कामदारहरुमा दक्ष कामदारको रुपमा जाने श्रमिकको सँख्यामा वृद्धी








## ग. राहदानी विवरण




आर्थिक वर्ष २०८१/०८२ मा बन्दीपुर गाउँपालिकाबाट वैदेशिक रोजगार, भ्रमण, अध्ययन तथा अन्य जस्ता विविध उद्धेश्यका साथ जिल्ला प्रशासन कार्यालय तनुहँबाट राहदानी बनाउनेहरुको विवरण प्रस्तुत गरिएको छ।


| वडा न | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| | ६३ | ९१ | १५४ |
| २ | ५१ | ८६ | १३७ |
| ३ | ३९ | ५५ | ९४ |
| ४ | ६० | ६३ | १२३ |
| ५ | ६६ | ८७ | १५३ |
| ६ | ६० | ८७ | १४७ |
| जम्मा | ३३९ | ४६७ | ८०८ |




| राहदानी बनाउनेको तथ्याँक | | | | |
|---|---|---|---|---|
| वडा न | अध्ययन | श्रम | भ्रमण | अन्य |
| १ | २८ | ७८ | ४० | ८ |
| २ | ३३ | ७१ | १३ | २० |
| ३ | २६ | ४९ | १४ | ५ |
| ४ | ३१ | ४३ | ३१ | १८ |
| ५ | ५० | ६२ | ३० | ११ |
| ६ | ३० | ८१ | २१ | १५ |
| जम्मा | १९८ | ३८४ | १४९ | ७७ |




## घ. वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुलाई परामर्श सेवा

रोजगार सेवा केन्द्र, बन्दिपुरले वैदेशिक रोजगारीमा जान चाहने युवाहरुलाई निःशुल्क परामर्श सेवा प्रदान गर्दै आईरहेको छ। वैदेशिक रोजगारीमा जान खोजेका व्यक्तिहरु धैरैजसो ठगी धन्दामा पर्ने हुनाले त्यसको नियन्त्रणमा टेवा दिन यो परामर्श सेवा प्रदान गर्नु अत्यावश्यक छ। विदेश जानु पूर्व गन्तव्य देश प्रतिबन्धित छ छैन? श्रम स्वीकृतिबारे ज्ञान छ छैन? परिवारिक सरसल्लाह बमोजिम हो

हैन? सहजिकरण गर्ने संस्था विश्वासिलो, भरपर्दो र ईजाजतप्राप्त हो कि हैन? जान लागेको काम बारे आफूसंग ज्ञान छ छैन? आदि ईत्यादि बारे गहन तरिकाले परामर्श दिईन्छ ता कि ति व्यक्तिहरुको वैदेशिक रोजगारीको अवधीभर कुनै पनि दुःख बाधाको सामना गर्नु नपरोस ।

## ङ. सामाजिक सुरक्षा कोषमा आबद्ध




वैदेशिक रोजगारीमा जाने व्यक्तिले श्रम स्वीकृति लिँदा सामाजिक सुरक्षा कोषमा आबद्ध हुनैपर्ने नियम लागू गरिएको छ। वैदेशीक रोजगारीका लागि श्रम स्वीकृति लिने क्रममा कम्तिमा १ महिनाको सामाजिक सुरुक्षा कोष शुल्क अर्थात रु. 2,308।- (वा बढीमा 32,460।- स्वेच्छाले अधिकमा) तिर्नुपर्ने हुन्छ। यसरी नै प्रत्येक व्यक्तिको स्वसिर्जित सामाजिक सुरक्षा कोषको आईडी मार्फत प्रत्येक महिना सो रकम तिर्न सकिन्छ। यसरी तिरेको रकम पछि भविष्यमा सामाजिक सुरक्षा कोषमा आबद्ध व्यक्तिहरुलाई नै सामाजिक तथा आर्थिक तरिकाले सवल बनाउन तथा सुरक्षा प्रदान गर्नमा उपयोग हुन्छ।

सामाजिक सुरक्षा कोषमा आवद्ध भए पश्चात सामाजिक सुरक्षा कोषका विभिन्न प्याकेजहरु रहेका छन ति प्याकेज अन्तरगत स्वास्थ्य उपचार खर्च, अँगभँग, सुरक्षित मातृत्व योजना, पेन्सन सुविधा जस्ता विभिन्न सुविधाहरु प्राप्त गर्न सक्नेछन।

## च. वैदेशिक रोजगार बोर्डका कल्याणकारी कार्यक्रममा सहजिकरण


वैदेशीक रोजगार बोर्डद्वारा संचालित कल्याणकारी कार्यक्रमहरुमा रोजगार सेवा केन्द्रले सहजिकरणको काम गर्दै आईरहेको छ। वैदेशिक रोजगारीको क्रममा विदेशमा रहने बेलामा कुनै दुर्घटनामा परे, ठगी चोरि, दीर्घ रोगबाट ग्रसित भएमा तिनलाई राहत तथा उद्धार गर्ने कार्य गर्दै आईरहेको छ। आ.व. 2080।081 को असार मसान्तसम्म आईपुग्दा बन्दिपुर गाउँपालिकाबाट निम्न तालिकामा उल्लेख गरिएको अनुसार सेवा प्रवाह गरिएको छ।

| वैदेशिक रोजगारमा गएका कामदारका परिवारलाई स्वास्थ्य उपचार सहयोग | | | | | | |
|---|---|---|---|---|---|---|
| क्रस | निवेदकको नाम | कामदारको नाम | राहदानी नं. | देश | रकम | Remarks |
| १ | समशेर बहादुर कामी | दिपक बहादुर सुनार | 12350126 | Qatar | - | प्रक्रियामा |
| २ | देउ माया मगर | दिनेश थापा | pa2708408 | Malaysia | - | प्रक्रियामा |
| ३ | पवित्रा वि.क. | कुल बहादुर वि.क | PA2622045 | Qatar | - | प्रक्रियामा |
| ४ | चम्पा प्रधान | विप्लक प्रधान | 10950803 | Malta | 50,000.0 | प्राप्त |
| ५ | कमला कुमारी थापा | विष्णु ब. थापा मगर | 08591075 | Qatar | 50,000.0 | प्राप्त |
| ६ | हरिशचन्द्र बस्नेत | सन्तोष बस्नेत | 07798889 | UAE | - | प्रक्रियामा |
| ७ | विष्णु देवि कायस्थ | विनोद कुमार कायस्त | 06966485 | Qatar | - | प्रक्रियामा |
| ८ | कमला कुँवर | दीप बहादुर कुँवर | 10971105 | Malaysia | 50,000.0 | प्राप्त |
| ९ | ज्ञानी क्षेत्री | गणेश क्षेत्री | 07857940 | Saudi Arab | 50,000.0 | प्राप्त |
| १० | लिला सुनार्नी | जित ब. सुनार | PA0245643 | Qatar | 50,000.0 | प्राप्त |
| ११ | ईन्दु कूवर | निर्मल कुँवर | 06895112 | Saudi Arabi | 50,000.0 | प्राप्त |
| १२ | होम बहादुर थापा सि. | निरन्जन थापा | 07659347 | UAE | 30,000.0 | प्राप्त |
| १३ | गँगा बहादुर थापा | गणेश बहादुर थापा | 12147440 | Saudi Arabi | 30,000.0 | प्राप्त |
| १४ | जगत बहादुर थापा | याम बहादुर थापा | PA1704542 | UAE | 30,000.0 | प्राप्त |
| १५ | शान्ता राना | प्रकाश राना | 08151835 | UAE | 50,000.0 | प्राप्त |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १६ | विष्णु श्रेष्ठ | अमिक श्रेष्ठ | 10772551 | Korea | 50,000.0 | प्रक्रियामा |
| वैदेशिक रोजगारीमा गएर मृत्यु भएका श्रमिकहरुको विवरण | | | | | | |
| क्र.स | हकवालाको नाम | मृत्यु भएको कामदारको नाम | राहदानी नं. | देश | रकम | कैफियत |
| १ | सुजिता रोका | सुरज रोका | 12522803 | Kuwait | 1000000 | प्राप्त |
| २ | टँक प्रसाद गुरुङ | मन्जु गुरुङ | 7360222 | Cyprus | 25000 | प्रक्रियामा |
| ३ | सोम बहादुर गुरुङ | सुक बहादुर गुरुङ | | Malaysia | - | निवेदन प्राप्त |
| श्रम अवधी भित्र अँगभँग भएका कामदार प्राप्त गर्ने आर्थिक सहायता | | | | | | |
| क.स | हकवालाको नाम | निवेदकको नाम | राहदानी नं. | देश | रकम | कैफियत |
| १ | सन्जिव नेपाली | सन्जिव नेपाली | pa2097329 | Qatar | 175000 | प्रक्रियामा |
| २ | कमल नेपाली | कमल नेपाली | pa1126615 | UAE | - | प्रक्रियामा |
| छात्रवृती तर्फ | | | | | | |
| क्र.स | कामदारको नाम | विद्यार्थीको नाम | विद्यालय | कक्षा | रकम | |
| १ | बुद्धि बहादुर गुरुङ | अमर गुरुङ | भानु मा.वि | १० | १६००० | |
| २ | बुद्धि बहादुर गुरुङ | प्रियङ्क गुरुङ | नोट्रेडम मा.व | ८ | १२००० | |
| ३ | हिरालाल सुनार | क्षितिज सुनार | मनास्लु | १० | १६००० | |
| ४ | हिरालाल सुनार | जोनिसा सुनार | मनास्लु | ३ | १२००० | |
| ५ | सुजन बहादुर नेपाली | जस्नु नेपाली | मनास्लु | युकेजी | १२००० | |
| ६ | धन बहादुर गुरुङ | विधान गुरुङ | पवित्रा मा.वि | १० | १६००० | |
| ७ | बुद्धि बहादुर जोगी | अर्पणा कूवर | पवित्रा मा.वि | १० | १६००० | |
| ८ | मन बहादुर गुरुङ | सुजल गुरुङ | मनास्लु | ५ | १२००० | |
| ९ | मन बहादुर गुरुङ | मसिना गुरुङ | मनास्लु | १२ | १६००० | |
| १० | नर बहादुर भुजेल | निषा भुजेल | मित्रता मा.वि | १० | १६००० | |

## छ. सीप परिक्षण

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् गण्डकी प्रदेशले आ.व. 2081/082 मा पूर्व सिकाईको मान्यता (Recognition of Prior Learning-RPL) विधिअनुसार विभिन्न पेशाहरुको एकाईगत (Unit Based) सीप परिक्षण कार्यक्तम गण्डकी प्रदेश सरकार, सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय र बन्दीपुर गाउँपालिकाको लागत साझेदारीमा सञ्चालनमा ल्याएको थियो। तह १ र तह २ मा सञ्चालन हुने भनिएको सो सीप परिक्षणका लागि कूल ९ विधाहरु तपशिल बमोजिम रहेका थिए-



| | | |
|---|---|---|
| कन्स्ट्रक्सन मेशन/ प्लम्बर/ वेल्डर | तह २ | कैफियत |
| बिल्डीङ पेण्टर | तह २ | |
| टायल मार्बल फिक्सर | तह १ | |
| मोटरसाईकल मेकानिक | तह २ | |
| सेल मोबाईल फोन टेक्निसियन | तह २ | |
| कम्प्युटर हार्डवेयर एण्ड नेटवर्क टेक्निसियन | तह २ | |
| रेफ्रिजेरेटर एण्ड एयर कण्डिसन मेकानिक | तह २ | |

जम्मा ९ पेशागत क्षेत्रमा सञ्चालन हुने भनिएको सीप परिक्षण कार्यक्रममा 7 पेशामा मात्र आवेदन परेको थियो। कूल संकलित ५१ आवेदन मध्ये सबैभन्दा बढी कन्सट्रक्सन मेशन (डकर्मी) पेशामा २३ आवेदन प्राप्त थियो, जसबारे तलको तालिकाबाट स्पष्ट हुन सकिन्छ,

| क्र.सं. | तालिमको विषय | आवेदन संख्या | तालिम प्राप्त गर्नेको संख्या |
|---|---|---|---|
| १ | कन्स्ट्रक्सन मेशन | २३ | ९ |
| २ | हाउस वायरिङ | ५ | ० |
| ३ | प्लम्बर | ४ | ० |
| ४ | कम्प्युटर हार्डवेयर एण्ड नेटवर्क टेक्निसियन | १ | ० |
| ५ | पेण्टर | १५ | ० |
| ६ | मोटरसाईकल मेकानिक | २ | ० |
| 7 | वेल्डर | १ | ० |
| जम्मा | | ५१ | ९ |

यस बन्दीपुर गाउँपालिकाभरि विभिन्न पेशाको सीप परिक्षणमा कूल ५१ जनाको आवेदन परेता पनि विभिन्न कारणवश कन्स्ट्रक्सन मेशनको मात्र ९ जनाको सीप परिक्षण भएको छ, जसको कारणहरु-

- आवेदकहरुसँग तोकिएको कागजपत्र पूर्ण नभएकाले ।
- २० जनाको समूह निर्माण गरि परिक्षा सञ्चालन हुने भएकाले।
- सीप परिक्षण गरिने स्थान र समय आवेदकलाई उपर्युक्त नभएकाले।





## ज. सीप विकास तालिम

वैदेशिक रोजगार बोर्डको प्राविधिक सहयोगमा, बन्दीपुर गाउँपालिकाको समन्वयमा र Asian Scholl of Tourism & Hotel Management(ASTHM) र युनाईटेड टेक्निकल ट्रेनिङ एजुकेशनल प्रा.लिको प्राविधिक सहयोगमा ४० जना महिलाहरुलाई वडा न. १ र वडा न. ४ मा १ महिने गार्मेन्टस तालिम सम्पन्न भएको छ। त्यस्तै ३० जना यूवाहरुलाई हाउस किपिङ सम्बन्धी १ महिने तालिम होटल बिसौनीमा सम्पन्न भएको छ।





## ज. सुरक्षित आप्रवासन कार्यक्रम (सामी)

### (अ) परिचय

SaMi
Safer Migration Project

सुरक्षित आप्रवासन (सामी) कार्यक्रम बैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउनु र बैदेशिक रोजगारीबाट आर्जित सीप, प्रविधि र पूँजीको उपयोग गर्नका लागी श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र स्थानीय सरकारको नेतृत्वमा संचालित रहेको छ।सुरक्षित आप्रवासन सामी कार्यक्रम २०६७ सालदेखि संचालनमा रहेको छ।साथसाथै ३८ वटा जिल्लाका १५२ स्थानीय तहमा संचालनमा रहेको छ।जुन कार्यक्रम बन्दिपुर गाउँपालिकामा पनि रहेको छ।जसमा वित्तीय साक्षरता सहजकर्ता,मनोसामाजिक परामर्श कर्ता र रिटर्नी स्वयम सेवक गरी ३ वटा क्षेत्र रहेको छ।

### (आ) सामी अन्तर्गत सम्पन्न भएका कृयाकलापहरु

❖ <u>वित्तीय साक्षरता</u>

व्यक्तिले आफ्नो दैनिक जीवनमा हुने आर्थिक क्रियाकलाप (जस्तैः आम्दानी, खर्च, बचत, लगानी, ऋण, बीमा आदि) बुझ्ने, मूल्याङ्कन गर्ने र सही निर्णय लिन सक्ने क्षमता नै वित्तीय साक्षरता हो ।मानिसको जीवनमा पैसा विना कुनै पनि आवश्यकता तथा चाहनाहरु पूरा गर्न सकिदैन हाम्रो जीवनमा पैसाको एकदमै महत्वपूर्ण रहेको छ।तर धेरै मानिसमा पैसाको सही सदुपायोग गर्ने आवश्यक ज्ञान सीप र असल वित्तीय व्यवहारको अभाव देखिन्छ। जसले गर्दा आवश्यक त चाहना पूरा गर्न तथा सुखी र सम्पन्न भविष्य हासिल गर्न गाह्रो भएको छ।औपाचारिक शिक्षाको माध्यमबाट नै यस्तो विष्य वस्तुको बारेमा पर्याप्त जानकारी पाउन सकेको छैन।यसले गर्दा अनावश्यक रुपमा खर्च गर्ने, श्रम शोषणमा पर्ने, युवाहरु ज्ञान सीपबाट पछाडि परेका छन। भविष्यको सोच गर्न पैसाको प्रयोग गर्ने

विमा,विप्रेषण तथा आफ्ना स्रोत साधनको उत्पादन क्षेत्रमा प्रयोग हुन नसक्ने जस्ता सम्भावना देखिन्छात्यस कारण सकेसम्मा पैसाको उचित व्यवस्था गर्ने र आफू मात्र नभई समाज परिवारप्रति वित्तीय ज्ञान सिपको एकदमै महत्वपर्ण भूमिका देखिन्छ । जसमा समुदायमा २१ हप्ते वित्तीय कक्षा, विद्यालय स्तरीयमा,समुदायस्तरमा १ दिने सचेतना कार्यक्रम, समुदाय स्तरमा ३ दिने वित्तीय सम्वन्धी कार्यक्रम र समुदायमा वैदेशिक रोजगारमा जान चाहाने युवायुवतीको लागी गहन अभिमुखिकरण कार्यक्रमहरु संचालन गरिएको छ।

- ✓ **प्रि-सर्वे**ः-सुरक्षित आप्रवासन सामी कार्यक्रम अन्तर्गत वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षाका लागी सहभागी छनोट प्रि-सर्वेः-

| जनजाती | दलित | क्षेत्री | जम्मा |
|---|---|---|---|
| ७ | २१ | २८ | ५६ |

- ✓ **समूह गठन-** सुरक्षित आप्रवासन सामी कार्यक्रम अन्तर्गत वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षा संचालनको लागी वडा नं २,३ नंम्वर वडामा समूह गरिएको छ ।

| वडा नं | सहभागी संख्या | | जम्मा |
|---|---|---|---|
| | महिला | पुरुष | |
| २ | ३१ | १५ | ४६ |
| ३ | २२ | १५ | ३७ |





**पारिवारिक अभिमुखिकरण**:- सुरक्षित आप्रवासन सामी कार्यक्रम अन्तर्गत वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षा संचालन गरिएको समुहमा सहभागीको परिवारका सदस्यलाई पारिवारिक अभिमुखिकरण कार्यक्रम निम्नानुसार गरियो।



| वडा नं | कार्यक्रम स्थान | सहभागी | | जम्मा |
|---|---|---|---|---|
| | | महिला | पुरुष | |
| २ | चण्डेनी | ० | १ | ३० |
| ३ | सन्तानेश्वर महादेव | ३१ | ७ | ३८ |

✓ **वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षा संचालन:-** वैदेशिक रोजगारमा गएका घरपरिवारका सदस्यहरुलाई लक्षित गरि २१ हप्ता सम्म वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षा सँचालन गरियो। बन्दीपुर गाउँपालिका वडा न.२ को चण्डेनी टोल तथा वडा न ३ को धनटारमामा समूह गठन गरि २१ हप्ते कक्षा संचालन भएको छ।

| वडा नं. | वडा नं | सहभागी संख्या | | जम्मा |
|---|---|---|---|---|
| | | महिला | पुरुष | |
| २ | चण्डेनी | ३० | ० | ३० |
| ३ | सन्तानेश्वर | २५ | ० | २५ |
| | | ५५ | ० | ५५ |



✓ **समुदायमा वित्तीय साक्षरता कक्षा:-** (समुदायस्तरमा १ दिने र ३ दिने वित्तीय साक्षरता)

❖ **१ दिने वित्तीय साक्षरता कार्यक्रम**

| वडा नं. | स्थान | सहभागी संख्या | | जम्मा |
|---|---|---|---|---|
| | | महिला | पुरुष | |
| ५ | कोरिखा | १४ | १५ | २९ |
| १ | गुरुङटार | २६ | ८ | ३४ |
| ६ | चिसापानी | १७ | १६ | ३३ |
| ३ | तामुङ | १७ | २६ | ४३ |
| २ | हल्थुम्का | १६ | १९ | ३५ |
| जम्मा | | ९० | ८४ | १७४ |




❖ **३ दिने वित्तीय साक्षरता कार्यक्रम:**

| वडानं. | वडा नं | सहभागी संख्या | | जम्मा |
|---|---|---|---|---|
| | | महिला | पुरुष | |
| ४ | ताई कृ तव समाह | २२ | ५ | २७ |
| ५ | कल्चोक | २२ | ४ | २६ |
| ४ | केराबारी आमा समुह | २४ | ४ | २८ |
| जम्मा | | ६८ | १३ | ८१ |



✓ **गहन अभिमुखिकरण कार्यक्रम:-** बैदेशिक रोजगारीमा जान चाहाने संभावित युवाहरुकालागि गहन अभिमुखिकरण सम्पन्न भएको छ

| वडा नं. | वटा | सहभागी संख्या | | जम्मा |
|---|---|---|---|---|
| | | महिला | पुरुष | |
| १ | २ वटा | ५८ | ४० | ९८ |
| २ | ९ वटा | ११६ | १०७ | २२३ |
| ३ | ३ वटा | २४ | ३० | ५४ |
| ४ | ५ वटा | ८८ | ५३ | १४१ |
| ५ | ९ वटा | ८२ | ९६ | १७८ |
| ६ | २ वटा | २६ | ४६ | ७२ |
| | | ३९४ | ३७२ | ७६६ |



✓ **विद्यालयमा वित्तीय साक्षरता कार्यक्रम:** विद्यालय स्तरमा वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षा कार्यक्रम निम्नानुसार सम्पन्न भएकोछ ।

| विद्यालयको नाम | सहभागी संख्या | | जम्मा |
|---|---|---|---|
| | महिला | पुरुष | |
| विष्णु मा.वि. | १८ | ११ | २९ |
| पवित्रा मा.वि. | ११ | २१ | ३२ |
| पवित्रा मा.वि. | १८ | १४ | ३२ |
| शिव मा.वि. | २८ | २२ | ५० |
| भानु मा.वि. | १९ | २० | ३९ |
| जम्मा | ९४ | ८८ | १८२ |




## मनोसामाजिक परामर्श

मनोसामाजिक परामर्शकर्ता र सेवा/सहयोग लिने व्यक्ति (सेवाग्राही) बीचको एउटा योजनाबद्द सहयोगको प्रक्रिया हो,जसमा मनोसामाजिक परामर्शकर्ताले सहयोगको खाँचो (समस्यामा परेको) भएका व्यक्तिलाई सीपमा आधारित कुराकानीको माध्यमबाट उसका समस्या व्यवहार र अप्ठ्याराहरुको सुधार वा समाधानमा सहयोग गर्दछ । मनोसामाजिक परामर्श प्रदान गरिएका केशहरुको विवरण निम्नानुसार रहेको छ।



| जम्मा केश ३० वटा | महिला-२५ | पुरुष-५ |
|---|---|---|
| केशका प्रकारहरु | | |
| पिरचिन्ताको केश | ३ | |
| आघात जन्य केश | ३ | |
| आत्महत्या | ३ | |
| डिप्रेशन | १८ | |
| मानसिक औषधी सेवन गर्ने | ३ | |
| सामुहिक मनोपरामर्श | २ वटा समूह | |



## आप्रवासन स्रोत केन्द्रमा दर्ता भएका उजुरीहरुको विवरण

| क्र.स. | केशको प्रकार | सँख्या | क्षतीपुर्ती रकम |
|---|---|---|---|
| १ | ठगी | ८ वटा | ८३००००/- |
| २ | मृत्यु | ३ | २४००००० |
| ३ | उद्धार | १ | प्रक्रियामा |

## गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम

लघु उद्यम विकास कार्यक्रम (Micro-Enterprise Development Program – MEDPA) भन्नाले स्थानीय स्तरमा उपलब्ध स्रोतसाधन, सीप, ज्ञान र सम्भावनाको उपयोग गर्दै साना तथा घरेलु स्तरका उद्यमहरू स्थापना, प्रवर्द्धन र व्यवस्थापन गर्ने कार्यक्रमलाई जनाइन्छ। यो कार्यक्रम विशेषगरी विपन्न, बेरोजगार, सीपविहीन तथा आयआर्जनका अवसरबाट टाढा रहेका समुदायहरूलाई लक्षित गरी सञ्चालन गरिन्छ।

बन्दिपुर गाउँपालिका कार्यपालिका कार्यालयको आर्थिक तथा प्राबिधिक सहयोगमा श्रम तथा रोजगार शाखाको सहजिकरणमा आ.व २०८१-८२ मा व्यवसाय सचेतता र व्यवसाय सुरु तालिम TOPE,TOSE लिइसकेको, उद्यमी बनिसकेको र व्यवसाय गरिराखेको उद्यमीहरुलाइ स्तर उन्नतिका लागि क्षमता बिकास तालिममा गरिबी निवारणका लागि लघु उद्यम बिकास कार्यक्रम (मेड्पा) अन्तरगत यस बन्दिपुर गाउँपालिका वडा न.२ चन्डेनिमा र कमलबारिमा ८/८ दिन सम्म व्यबसाय सुधार तथा विस्तार तालिम सन्चालन गरियो |

## एक हप्ते ढाको टोपी बनाउने थप सीपमूलक तालिम :

गत आर्थिक वर्षमा बन्दीपुर-२ का उद्यमी समूहलाई एक महिने ढाका तालिम कार्यालयबाट सम्पन्न भएपश्चात उक्त समुहलाई ढाका टोपी सम्बन्धी थप तालिम आवश्यकताको आधारमा प्रदान गरियो । ढाका नेपालको मौलिक पहिचान बोकेको ढाका टोपी हाम्रो सांस्कृतिक धरोहर भएकोले यसको उत्पादन र प्रवर्द्धनले स्थानीय कला र सीपको जगेर्नाका साथै रोजगारी सिर्जनामा समेत महत्वपूर्ण भूमिका खेल्छ । यसै सन्दर्भमा, परम्परागत सीपलाई नयाँ पुस्तामा हस्तान्तरण गर्ने र सहभागीहरूलाई आत्मनिर्भर बनाउने उद्देश्यले एक हप्ते ढाका टोपी बनाउने सीपमूलक तालिम आयोजना गरिएको थियो ।






बन्दीपुर ढाका

Bandipur Dhaka

## पुनर्ताजगी तथा एडभान्स तालिम :

बन्दीपुर गाउँपालिकाबाट यस अघि उद्यमशिलता तालिम लिईसकेका महिला उद्यमीहरुलाई व्यवसाय विस्तार तथा सुधार ८ दिने तालिम सम्पन्न भएको छ । बन्दीपुर ढाका समुहका सदस्य तथा यस अघि पालिकाबाट सीप मूलक तालिम प्रदान गरिएका महिला उद्यमीहरुलाई व्यवसाय सुधार value added, Customize ,scale-up, business promotion लगायतका विषयमा तालिम २५ जनालाई प्रदान गरिएको छ । त्यस्तै प्रविधको अभावमा कमलबारी दुनाटपरी समूहले वस्तुको उत्पादन तथा बिक्री वितरण गर्न नसकेकोले उक्त समूहलाई दुना तथा टपरीको डाईसेट हस्तान्तरण गरिएको छ ।






बन्दीपुर दुना-टपरी
बन्दीपुर-६, कमलबारी, तनहुँ
100% Natural
नमूना महिला उद्यमी समूह कमलबारीको उत्पादन
९८४६९४१७९६
बन्दीपुर गाउँपालिकाबाट प्रवर्द्धित

## कार्यक्रमको सामाजिक र आर्थिक प्रभाव

फागुन महिनामा आफु बसोबास गर्ने वडामा गई न्यूनतम रोजगारीका लागि आवेदन पेश गरेका बेरोजगारहरुलाई प्राथमिकता क्रम अनुसार सामुदायीक पुर्वधार विकास निर्माणका कार्यमा खटाईएको छ जसबाट गाउँमै रोजगारी प्राप्त भई जीवनस्तरमा सुधार आएको छ। सामान्य खर्चका लागि साहुसँग चर्को ब्याजदरमा ऋण सापटि लिनुपर्ने अवस्थाको अन्त्य भई बिहान बेलुकीको गुजरा चलेको छ। घरको काम धन्दा सकेर अन्यमा काम गर्न पनि सहज भएको छ। बालबच्चालाई पढाउन घर व्यवहार चलाउन सहज भएको छ। गाउँघरमै रोजगारी प्राप्त हुने भए पछि पारिवारिक सम्बन्ध पनि बलियो भएको छ। आफ्नो गाउँठाउको विकासमा हातेमालो गर्न पाएको छन। श्रमको सम्मान भएको छ। समान काम गरे वापत समान ज्याला पाईन्छ ज्यालामा महिला र पुरुष विचको विभेद भएको छैन। ज्याला रकम सिधै बैक खातामा जम्मा हुने भएकोले वित्तीय चेतना र पहुँच समेत बढाएको छ। भोलीका लागि बचत गर्ने बानीको विकास भएको छ। अत यस कार्यक्रमले गाउँ ठाउँमै रोजगारी समान काम गरे वापत समान ज्याला रोजगारिमा महिला र पुरुष विचको विभेदको अन्त्य, गाउँठाउको विकासमा सरिक हुने अवसर, कामप्रति सम्मान गर्ने बानीको विकास , बैङ्किक पहुच जस्ता कयौ सकरात्मक कुराहरुको माध्यमबाट सशक्तीकरण गर्ने गरेको छ।

सुरक्षित आप्रवासन कार्यक्रम सामीले वैदेशिक रोजगारीलाई सुरक्षित र व्यवस्थित बनाउनका लागि विदेश जानु अघि कसरी कुनकुन प्रक्रियाबाट जाने ठगिनबाट कसरी जोगिने भन्ने विषयमा जानकारी दिई सचेत गराएको छ। वैदेशिक रोजगारीमा गएका घरपरिवारलाई वित्तीय साक्षरता सम्बन्धी कक्षा पश्चात बचत गर्ने बानीको विकास भएको छ। २१ हप्ते वित्तीय साक्षरता कक्षाका कतिपय सहभागीहरु आयआर्जन तर्फ लागेका छन भने कतिपयले साना व्यवसायको सुरुवात गरेकाछन। वैदेशिक रोजगारीको कारणले सृजित समस्या तथा लान्छानाहरु कम भएका छन। डिप्रेसनमा गएकाहरुलाई मनोसामाजिक परामर्श पश्चात पुन समाजमा घुलमिल तथा पारिवारिक सम्बन्ध पनि राम्रो भएको छ। वैदेशिक रोजगारीमा गएका घरपरिवारले पाउने स्वास्थ्य उपचार खर्च प्राप्त भएको जसले बिरामीलाई उपचार खर्चमा सहायता मिलेको छ। यस कार्यक्रमबाट विप्रेषणको सही सदुपयोग गर्न सिकेका छन्। दैनिक जिवनमा आईपर्ने जोखिमबाट बच्न विभिन्न उपायहरु अबलम्वन गर्न सक्षम भएका छन्। महिलाहरुको क्षमता तथा व्यक्तीत्व विकास भएको छ। साथै वित्तीय स्रोतको परिचालन, आम्दानी र ऋणको हिसाबकिताब राख्नका साथै वित्तीय परिचालन गर्दा उचित निर्णय लिन सक्ने भएका छन।

### झ. सुझावहरु

- निजी, सहकारी तथा गैर सरकारी क्षेत्रसँग समन्वय र सहकार्य गरी विभिन्न क्षेत्रहरुमा थप रोजगारीका अबसहरु सिर्जना गर्नुपर्ने
- नेपालको रोजगारीको भविष्य (Future of work), Employment Trend Analysis Employment Forecast सम्बन्धी अध्ययन अनुसन्धान गर्नुपर्ने र अध्ययनले तोकेको रोजगारीको क्षेत्र(Job Sector)अनुसार नै जनशक्ति उत्पादन गर्न केन्द्रित हुनु पर्ने
- नेपालको श्रम बजारलाई व्यवस्थित एवम प्रभावकारी रुपमा चलायमान बनाउन सूचना प्रविधिमा आधारित प्रस्तावित NEMIS को निर्माण र सञ्चालन गर्नुपर्ने
- रोजगार सेवा केन्द्रको सञ्चालन, नियन्त्रण र रेखदेख गर्ने नेतृत्व संघीय सरकारले गर्नपर्ने
- रोजगारी सिर्जना एवम प्रवर्द्धन तथा सीप एवम क्षमता विकासमा तीनै तहको सरकारको अहम भूमीका रहने भएकोले रोजगार सेवा केन्द्रको सञ्चालन एवम व्यवस्थापनमा लागत साझेदारीको नीतिगत प्रावधान गर्नुपर्ने
- एकद्वार प्रणालीबाट एकीकृत रुपमा रोजगारमूलक सेवाको सञ्चालन एवम व्यवस्थापन गर्न रोजगार सेवा केन्द्रको क्षमता विकास गर्दै जानु पर्ने

- विभिन्न निकायहरुबाट सञ्चालन हुने व्यवसायिक तथस सीपमूलक तालिमहरुमा रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगारहरुलाई पहिलो प्राथामिकता दिने वा केही प्रतिशत सूचिकृत बेरोजगारहरुको लागी छुट्टयाउने गरी नीतिगत व्यवस्थाका लागी सम्बन्धित निकायसंग समन्वय गर्नु पर्ने
- प्राविधिक एवम व्यवसयिक सीप विकास तालिमका लागी रोजगार सेवा केन्द्रलाई तालिम केन्द्रहरुसंग आबद्व गर्न जरुरी रहेको
- बैदेशिक रोजगारीमा जाने व्यक्तिहरुलाई तालिम पश्चात मात्र पठाउने व्यवस्था गर्नुपर्ने ।
- बेरोजगार व्यक्तिहरुलाई उपलब्ध रोजगारीका अबसरमा प्रदान रोजगारदाताहरुको सूचीकरण वा संलग्न गर्न निजी क्षेत्र वा रोजगारदाताहरुलाई प्रोत्साहन गर्न आवश्यक नीति तथा कार्यक्रम (जस्तैः कर भन्सारमा छुट, निशुल्क दर्ता, विधुत शुल्कमा तालिम आदि) अंगिकार गर्नु पर्ने,
- श्रमिकमा हुने क्षमता तथा सीप अभवका कारणले श्रम बजारमा दक्ष श्रमिकको माग र आपूर्ति बीचको अन्तरलाई कम गर्न रोजगारी सिर्जना हुन सक्ने क्षेत्रको पहिचान गरी सो क्षेत्रमा चाहिने आवश्यक दक्ष जनशक्ति तयार गरी श्रम बजारमा आपूर्ति गर्नुपर्ने,
- तीनै तहका सरकार वा नीजी क्षेत्रले आयोजना सञ्चालन गर्दा रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिहरुलाई नै काममा लगाउन सरोकारवालाहरु निकायहरुसंग समन्वय र अन्तरक्रिया गर्नुपर्ने,
- आन्तरिक रोजगारी सिर्जना गर्न रोजगार सेवा केन्द्रमा रोजगारदाता सूचीकरणका लागी प्रोत्साहन गर्ने नीति अंगिकार गर्नुपर्ने
- तीनै तहका सरकार अन्तर्गतका निकायहरुबाट स्वयंसेवक परिचालन गर्नुपर्ने खण्डमा रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिहरुलाई नै परिचालन गर्ने नीतिगत व्यवस्थाका लागी समन्वय गर्नुपर्ने,
- स्थानीय रोजगार रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनको लागी श्रोत व्यवस्थापनमा आवश्यक समन्वय गर्नुपर्ने ।

धन्यवाद